# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७४/१२/२५ गते

**विषय: अनुसन्धान कार्यलाई पारदर्शी बनाउन निर्देशन ।**

---

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका कार्यवाहक प्रमुख आयुक्त नवीनकुमार घिमिरेले मुलुकमा भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्ने विषयमा आयोगको भुमिका महत्वपुर्ण हुने हुनाले त्यस दिशामा केन्द्रित भएर काम गर्न आयोगका कर्मचारीहरुलाई निर्देशन दिनुभएको छ ।

आयोगका सचिव डा. राजन खनालको विदाइ कार्यक्रममा बोल्दै कार्यवाहक प्रमुख आयुक्त घिमिरेले सो निर्देशन दिनुभएको हो ।

भ्रष्टाचार र अनियमितता विरुद्ध अनुसन्धान गर्ने निकायमाथि नै समाजबाट प्रश्न उठ्ने अवस्था नआओस भन्नेतर्फ अनुसन्धान अधिकृतहरु सचेत हुनु पर्दछ भन्दै कार्यवाहक प्रमुख आयुक्त घिमिरेले अनुसन्धान कार्यलाई प्रभावकारी र पारदर्शी बनाउन अनुसन्धान अधिकृतहरुलाई निर्देशन दिनुभयो ।

आइतवार आयोगमा आयोजित सो कार्यक्रमा उहाँले सचिव डा. खनालले आयोगमा रहेर पुऱ्याउनु भएको योगदानको प्रशंसा गर्दै आर्थिक अनुशासन कायम गर्ने विषयमा अर्थसचिवका रुपमा पनि डा. खनाललाई सफलता प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो ।

आयोगबाट बिदाई हुन लाग्नु भएका सचिव डा. खनालले आफुले छोटो समयमा आयोगबाट धेरै कुरा सिकेको बताउदै मुलुकको सामु चुनौतीको रुपमा रहेको भ्रष्टाचार नियन्त्रण गर्ने विषयमा निरन्तर लागिरहने बताउनु भयो । अर्थ मन्त्रालयको सचिवमा सरुवा हुनु भएका डा. खनालले २०७४ असार १४ गतेदेखि आयोगको सचिवको जिम्मेवारी सम्हाल्नु भएको थियो ।

कार्यक्रममा आयोगका सहसचिव द्वय रविन्द्र श्रेष्ठ र कालीप्रसाद पराजुलीले सचिव खनालबाट आफुहरुले धेरै कुरा सिक्ने अवसर प्राप्त गरेको बताउदै उहाँको सफल कार्यकालको कामना गर्नुभएको थियो।

(दीर्घराज मैनाली)
सह-सचिव एवं प्रवक्ता